नेपाल सरकार

**चलचित्र विकास बोर्ड**

**चाबहिल, काठमाडौं**

# शिलबन्दी बोलपत्र आह्वानको सूचना

**पुनः प्रकाशित मिति : २०६६।२।२८**

यस चलचित्र विकास बोर्डमा रहेको थिएटर हलमा **Public Address Equipment, Transformer, Generator, Generator House** र **Digital Projector** सामान सप्लाई गरी जडान गर्ने कार्य शिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्सहरूबाट निम्न शर्तहरूको अधिनमा रही पुनः सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

शर्तहरू :-

१. आ.व. २०६५।०६६ का लागि नवीकरण गरेको कम्पनी दर्ता प्रमाणपत्र वा फर्मदर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर र प्यानमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०६४।०६५ सम्मको करचुक्ता गरेको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदनमा रू.५।- को टिकट टाँसी रू. १०००।- (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयसम्म बोलपत्र फारम सूचना तथा सञ्चार मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरबार र चलचित्र विकास बोर्डको कार्यालय, चाबाहिलबाट खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२ बजेभित्र रीतपूर्वक भरिएको बोलपत्र फारम खाममा सिलबन्दी गरी चलचित्र विकास बोर्डको कार्यालयमा दर्ता गराउन सकिनेछ। रीतपूर्वक पर्न आएको शिलबन्दी बोलपत्रहरू सोही दिन दिनको २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र सम्बन्धी कागजात खरिद तथा दाखिला गर्ने अन्तिम दिन विदा परे विदा पछि कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरू गरिनेछ ।
४. शिलबन्दी बोलपत्र साथ जमानत वापत आफूले कवोल गरेको अंकको २.५ (अढाई) प्रतिशतले हुने रकम यस बोर्डको थापाथलीस्थित ने.रा. बैंकको धरौटी खाता नं. : बैं.अ. ६१०३११।०६५ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस बोर्डको नाममा जारी गरेको र बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले बोलपत्रमा अंक र अक्षर प्रष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
६. बोलपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा कुनै कारण नजनाइकन अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा सुरक्षित रहने छ ।
७ बोलपत्र सम्बन्धी प्रत्येक पानामा बोलपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ ।
८. रीत नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।
९. अन्य आवश्यक कुराहरू बोर्डको कार्यालयबाट जानकारी प्राप्त गर्न सकिने छ ।
१०. बोलपत्र मान्य हुने अवधि ९० दिनसम्म हुनेछ ।
११. बोलपत्र सम्बन्धी मूल्यांकनका आधारहरू बोलपत्र पुस्तिकामा उल्लेख भए अनुसार हुनेछ ।
१२. सूचनामा उल्लेख नभएका कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

| सि. नं. | कामको विवरण | अनुमानित लागत रकम रू. (कन्टेन्जेन्सी र भ्याट बाहेक) | धरौटी रकम ल.इ. को २.५ प्रतिशत | बोलपत्र फरमको मुल्य रू. |
|---|---|---|---|---|
| १. | थिएटर हलमा **Public Address equipment, Transformer, Generator, Generator House** र **Digital Projector** सामान सप्लाई गरी जडान गर्ने | ३९,८६,०३६।७१ | १,००,०००।- | रु.१०००।- |